का.जि.प्र.का.द.नं. १००/०५९/६०

३१ जेठ २०८०,
बुधबार
14 June 2023,
Wednesday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्नु



## राष्ट्रपति पौडेललाई हृदयघात

पौडेलको मुटुको दाहिनेतर्फ एउटा नसा ७० प्रतिशत बन्द भएको अस्पतालले जनाएको छ ।



**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ३० जेठ ।

राष्ट्रपति रामचन्द्र पौडेललाई हृदयघात भएको छ । असहज महसुस भएपछि पौडेल मंगलबार बिहान शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्र पुगेका थिए ।

पौडेलको मुटुको दाहिनेतर्फ एउटा नसा ७० प्रतिशत बन्द भएको अस्पतालले जनाएको छ । अस्पतालका अनुसार राष्ट्रपति पौडेललाई मायोकाड्रिएल इन्फ्राक्सन (हृदयघात) भएको हो । राष्ट्रपतिको मुटुको दाहिनेतिरको

>>> पृष्ठ २ मा

### वैदेशिक रोजगार विशेष

## एयरपोर्टमा भिजिटमा जाने घरेलु कामदारको ताँती

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३० जेठ

सरकारले वैदेशिक रोजगारको उद्देश्य राखेर भिजिट भिसामा विदेश नजान पटक-पटक आग्रह गरेपनि भिजिट भिसामा जानेको संख्यामा कमी आएको छैन । हालसम्म भिजिट भिसामा जान खोज्ने ३ हजार ५ सय ७९ जना नेपालीलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट फर्काइएको नेपाल प्रहरीको मानव बेचबिखन अनुसन्धान ब्युरोले बताएको छ ।

भिजिट भिसाको आवरणमा घरेलु कामदार तथा नक्कली श्रम स्वीकृति बनाएर विदेश जान लागेका ८५ जनालाई गत आइतबार राति एकैदिन फिर्ता गरिएको थियो । ब्युरोको विशेष पहल र निगरानीमा उनीहरूलाई फर्काइएको हो । श्रम स्वीकृति बिना घरेलु

>>> पृष्ठ २ मा

### काठमाडौंमा नेपाल-यूएई संयुक्त बैठक बस्दै

**काठमाडौं/मस-** नेपाल र संयुक्त अरब इमिरेट्स (यूएई)को संयुक्त बैठक बुधबार काठमाडौंमा बस्ने भएको छ । बैठकमा शून्य लागतमा

>>> पृष्ठ २ मा

## हर्षले रोए हर्क




**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, ३० जेठ ।

कोकाह खोलाको पानी धरान ल्याउन धरान उपमहानगरपालिकाका मेयर हर्क साम्पाङ राई सफल भएका छन् । चुनावका बेला गरेको बाचा अनुसार स्थानीय जनताको श्रमदानमा मेयर राई खानेपानीको चर्को अभाव सामना गरिरहेको धरानमा कोकाहको पानी ल्याउन सफल भएका हुन् ।

चर्को खडेरीले धरानमा खानेपानी अभाव भएपछि राई कोकाहबाट जसरी पनि पानी ल्याउने भन्दै जुटेका थिए । सोमबार आफ्नो योजनाले मूर्तरूप लिएपछि स्थानीयले उनीसँग खुसी साटेका थिए । त्यसक्रममा मेयर राई हर्षले रोए ।

कोकाह धरानबाट ४० किलोमिटरको दूरीमा पर्छ । जहाँबाट पानी ल्याउन ९९ सय दिनअघिबाट श्रमदान थालिएको थियो । कोकाहको पानी धरान ल्याउन श्रमदानमा जुटेका एक श्रमदाताले ९९ दिनको आफूहरूको मिहिनेतको फल प्राप्त भएको बताएका छन् । कोकाहको पानीले अहिले देखिएको खानेपानीको चर्को अभावलाई थोरै भए पनि राहत पुग्ने मेयर राइ बताउँछन् ।

'म एउटा सानो मान्छेको कोकाह ल्याउने सपना पूरा गर्न ९९ दिनसम्म हजुरहरुले गर्नुभएको साथ र सहयोग प्रती आभारी छु । प्रत्यक्ष र अप्रत्यक्ष रुपमा सहयोग गर्नुहुने लाखौ जनतालाई धन्यवाद बाहेक केही दिन सक्दिन । यहाँहरुको माया र साथको लागी सधै आभारी रहनेछ' उनले श्रमदाताहरुलाइ भनेका छन् ।

स्रोत अभावमा धरानका नागरिकले वर्षौंदेखि खानेपानी समस्या झेल्दै आइरहेका छन् । गत स्थानीय तह निर्वाचनमा धरानको खानेपानी समस्यालाई आफ्नो मूल एजेण्डा बनाएर प्रतिस्पर्धामा उत्रिएका हर्कले निर्वाचित भएपश्चात यसलाई पूरा गर्न तत्कालीन र दीर्घकालीन योजनाका साथ काम गरिरहेका छन् ।

>>> पृष्ठ २ मा




## प्रेस विज्ञप्ती

२०८०।०२।३० - नेपाल सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न प्रतिनिधि सभामा पेश भएको आर्थिक विधेयक, २०८० को दफा २६ मा कुनै निकायले फर्दर पब्लिक अफरिङ्ग (एफपिओ) बाट प्रिमियम मूल्यमा शेयर जारी गरी प्राप्त भएको रकम मध्ये आर्थिक वर्ष २०७८/७९ सम्म हिताधिकारीलाई बोनस शेयरको रुपमा वितरण गरेको लाभांश रकमलाई आयकर ऐन, २०५८ को दफा ५६ को उपदफा (३) बमोजिम आयमा समावेश गर्नुपर्ने र दफा २७ मा निकायहरु आपसमा गाभिदा वा प्राप्ति (मर्जर वा एक्विजिसन) मा सौदाबाजी गर्दा प्राप्त लाभ (बार्गेन पर्चेज गेन) बापतको आयलाई कर प्रयोजनको लागि आयमा समावेश गरी कर दाखिला गर्नुपर्ने, दफा २९ मा धितोपत्र, जग्गा तथा घर जग्गाको व्यवसायिक कारोवार गर्नेलाई छुट सम्बन्धी व्यवस्था जस्ता प्राबधानहरुका कारण अर्थतन्त्रका प्रमुख क्षेत्रहरु बैंकिङ्ग, बीमा लगायत समग्र अर्थतन्त्रमा नै अपूरणीय क्षति पुग्ने देखिन्छ ।

१. आर्थिक विधेयक २०८० मा उल्लेखित उपरोक्त बुँदाहरु मार्फत नेपाल सरकारले गरेको व्यवस्थाहरु देहाय वमोजिमको प्रमुख आधारमा आधारभूत लेखा सिद्धान्त तथा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मान्यता विपरित भएकोले सो मान्य नहुने ।

(क) कुनै पनि नियम कानून भुत प्रभावी (retrospective) हुन नहुने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मान्यताहरुको विपरीत दशकौं अघि नै भए/गरेका कार्यहरुलाई समेत प्रभाव पार्ने गरी आर्थिक विधेयकमा गरिएको व्यवस्थाहरुले नेपालको संविधानले सुनिश्चित गरेको मौलिक हकको हनन हुन जाने ।

(ख) पूँजी योगदानमा कर नलाग्ने अन्तर्राष्ट्रिय मान्यता अनुरुप नै एफपिओ बाट प्राप्त हुने प्रिमियम तथा मर्जर तथा प्राप्तिबाट सिर्जना हुने बार्गेन पर्चेज गेनलाई कुनै पनि कानूनी धरातलमा सम्बन्धित संस्थाको आम्दानी मानी कर लगाउने व्यवस्था आयकर सम्बन्धी नेपालको कानुनमा नभएको व्यवस्था विपरीत हुने गरी आयकर ऐन २०५८ को दफा ५६(३) को अपव्याख्या गरिएको ।

(ग) आयकर निर्देशिका २०६६, को बुँदा नं. १३.९ मा नै कर नलाग्ने भनी स्पस्ट रुपमा उल्लेख गरिएको र आन्तरिक राजश्व विभागले ठूला करदाता कार्यालयलाई कर नलाग्ने भनी निर्णय गरी पत्राचार गरेको र ठूला करदाता कार्यालयले कर नलाग्ने भनी किटान गरी संशोधित कर निर्धारण गर्ने कार्य समेत सम्पन्न गरीसकेको अवस्थामा समेत दशकौं अघि नै भए गरेका कार्यहरुलाई समेत प्रभाव पार्ने गरी आर्थिक विधेयक, २०८० मा गरिएको व्यवस्थाहरु मार्फत भुत प्रभावी रुपमा कर असुली गर्ने कार्य सैद्धान्तिक रुपमा आफैमा गलत भएको ।

२. यदि जर्बजस्ती कुनै कानूनी धरातल बिना र राष्ट्रिय अन्तर्राष्ट्रिय अभ्यास विपरीत कर दायित्व थोपर्ने हो भने यसले बैंकिङ्ग, बीमा, पूँजी बजार लगायतका सबै क्षेत्र र अर्थतन्त्रमा नै अकल्पनिय क्षति पुग्ने, जसबाट पूँजी बजारमा आबद्ध ५६ लाख भन्दा बढी लगानीकर्ताहरु समेत प्रभावित भई यसबाट देशको पूँजी बजार धराशायी हुन सक्ने देखिएको ।

३. मुलुकको कुल ग्राहस्थ्य उत्पादनमा ८० प्रतिशत भन्दा बढी र कुल रोजगारी सिर्जनामा ८५ प्रतिशत भन्दा बढी योगदान गर्ने निजी क्षेत्रको कानूनी राज्य प्रतिको विश्वास टुट्ने र यसबाट मुलुकबाट पूँजी पलायन हुने, औद्योगिक गतिविधिहरुको विस्तार नहुने, रोजगारी सिर्जना नहुने, देशको नागरिकहरुको सामान्य गाँस, वास र कपासको लागि पनि विदेश पलायन हुनुपर्ने अवस्था झन् विकराल हुने र प्रत्यक्ष वैदेशिक लगानी ठप्प हुने देखिएको छ । जसबाट अन्ततोगत्वा मुलुक गम्भीर आर्थिक संकटमा झनै फस्ने देखिएको ।

तत्काल प्रचलित कानून र नियम अनुसारको प्रकृया पूरा गरी गरिएको काम कारवाहीहरुलाई सोही समयमा कायम रहेको कानूनी व्यवस्था अनुसार नै भएको मानी सुबिधा र दायित्व निर्धारण हुनुपर्नेमा कैयौं वर्ष पछि आएर पहिलेको व्यवस्था विपरित पछिल्ला वर्षहरुमा अतिरिक्त दायित्वहरु थोपर्दै जाने हो भने कुनै पनि नागरिक र व्यवसायीहरुलाई देशको कानूनी स्थायित्व र यसले प्रत्याभूत गरेका व्यवस्था प्रतिको विश्वास टुट्न जाने एवं संकटग्रस्त अवस्थामा रहेको लगानीको वातावरण अझ धरासायी हुने निश्चित छ ।

यसर्थ, यस सम्बन्धमा समग्र अर्थतन्त्रमा पर्न सक्ने गम्भीर प्रभावलाई मध्यनजर गरी आर्थिक विधेयक, २०८० को बुँदा नं. २६, २७ र २९ लाई तत्काल खारेज गर्न नेपाल सरकार समक्ष जोडदार माग गर्दछौं । यदि उक्त बुँदाहरु खारेज गर्ने तर्फ नेपाल सरकारले तत्काल तदारुकता नदेखाउने हो भने हामी सबै आ-आफ्नो क्षेत्रबाट चरणबद्ध विरोधका कार्यक्रमहरु सञ्चालन गर्न वाध्य हुनेछौं । यस सम्बन्धमा हामी सबै एकतावद्ध, प्रतिबद्ध र दृढ संकल्पित रहेको व्यहोरा सबै सरोकारवालाहरुलाई गराउँदछौं ।

CONFEDERATION OF BANKS AND FINANCIAL INSTITUTIONS, NEPAL
बैंक तथा वित्तीय संस्था परिसंघ, नेपाल

नेपाल वित्तीय संस्था संघ
Nepal Financial Institutions Association

नेपाल बीमक संघ
NEPAL INSURERS' ASSOCIATION

NEPAL BANKERS' ASSOCIATION
नेपाल बैंकर्स संघ

Development Bankers Association Nepal

JEBISAN KATHMANDU
JEEVAN BIMAK SANGH NEPAL

मध्यान्ह
www.madhyanhadaily.com

३१ जेठ २०८०, बुधबार
14 June 2023, Wednesday

# स्थानीय तहमा बेथितिको चाङ

कान्ति न्यौपाने/मध्यान्ह
काठमाडौं, ३० जेठ ।




गाउँ-गाउँमा सुशासनको नारा दिएका स्थानीय तहको बेरुजु झनै बढ्न थालेको छ। स्थानीय सरकारदेखि केन्द्रसम्मका सरकारले बेरुजु घटाउने प्रतिबद्धता गरेपनि वर्षेनी यसको मात्रामा वृद्धि हुनथालेको हो । जसको पछिल्लो उदाहरण हो, पोखरा महानगरपालिका । महालेखापरीक्षकले सार्वजनिक गरेको ६०औँ वार्षिक प्रतिवेदनमा पोखरा महानगरपालिकामा अर्थिक बेथिती उच्च रहेको देखिएको हो । जसअनुसार एक वर्षमा ७० करोड ६५ लाख बेरुजु मात्रै थपिएको छ । अझ लज्जास्पद कुरा त, एक वर्षमा खाना र खाजामा मात्रै दुई करोड ३९ लाख खर्च भएको प्रतिवेदनले देखाएको छ ।

जनप्रतिनिधि र कर्मचारीले नियमविपरीत भत्ता, मेयर उपमेयरले दोहोरो सुविधा लिने, परामर्शको नाममा मनपरी खर्च गर्ने, आर्थिक सहायता मनलाग्दी बाँड्ने, नियमविपरित कर्मचारी र जनप्रतिनिधिलाई आवास सुविधा दिदाँ बेरुजु झनै बढेको देखिएको हो । दरबन्दीबाहिर करार सेवाका १५८ जना कर्मचारी, स्वीकृत दरबन्दीबाहिरका करार कर्मचारीलाई अनियमित तबरले पोसाक भत्ता अनियमित कानूनी सल्लाहकार नियुक्ती र भएको बजेटको सही खर्च नहुँदा महानगरपालिकाभित्रको बेथितीले सीमा नाघेको हो ।

त्यसो त, पोखरा महानगरपालिका मात्रै होइन, देशभरिका ७५३ वटै स्थानीय तहको बेरुजु वर्षेनी बढ्दो क्रममा छ । आर्थिक वर्ष ०७३/७४ मा स्थानीय सरकारहरूको बेरुजु १४ अर्ब २४ करोड ६० लाख थियो । सुशासन कायम गर्न नसक्दा पहिलो कार्यकालको सुरुका तीन वर्षमै स्थानीय तहहरूको बेरुजु ८९ अर्बले बढेर एक खर्ब तीन अर्ब पुगेको छ । ०७६/७७ मा स्थानीय तहको बेरुजु ५ प्रतिशत रहेको थियो । त्यस्तै, आर्थिक वर्ष ०७७/७८ मा स्थानीय तहको बेरुजु ४३ अर्ब ९१ करोड रुपैयाँले बढेको देखिन्छ ।

'स्थानीय तहले प्राप्त बजेट खर्च गर्ने, त्यसको अनुगमन र मूल्यांकन गर्ने परिपाटी स्थानीय तहमा बस्न सकेको छैन । अझै पनि धेरै स्थानीय तहले आफ्नो काम, कर्तव्य र अधिकारका सम्बन्धमा कानूनी व्यवस्था गर्न सकेका छैनन् । सेवाप्रवाहलाई प्रभावकारी बनाउने र सुशासन कायम गर्नेभन्दा अनुकूल प्रशासन चलाउन र आर्थिक अपचलनतर्फ स्थानीय तह लागेको देखिन्छ' अर्थविद् डा. चन्द्रमणि अधिकारीले भने । उनले संघदेखि स्थानीय तहसम्मै बेथिती र बेरुजुको चाङ लागेको बताएका हुन् ।

तरपनि, स्थानीय देखि संघसम्मका जनप्रतिनिधि अनियमितता र बेरुजु हटाउने प्रतिबद्धता भने व्यक्त गर्न छाड्दैनन्। बढ्दो बेरुजु र अनियमितताले स्थानीय तहप्रतिको विश्वास नै घट्न थालेको छ ।

# नागरिकता माग्दै आत्मदाहको प्रयास



**काठमाडौं/मस-** नागरिकता माग गर्दै काठमाडौंको माइतीघर मण्डलमा एक व्यक्तिले आत्मदाह प्रयास गरेका छन् । नागरिकता विधेयक जारी नभएको भन्दै मंगलबार दिउँसो मोरङको विराटनगरका २५ वर्षीय निरज कामतले शरीरमा पेट्रोल खन्याएर आत्मदाहको प्रयास गरेका हुन् ।

उनको प्रहरीले तत्कालै उद्धार गरी उपचाकरका लागि ट्रमा सेन्टरमा पठाएको थियो ।

कामत नागरिकताविहीन संघर्ष समितिका केन्द्रीय उपाध्यक्ष समेत हुन् ।

उनले आफूलाई सामाजिक अभियन्ताका रुपमा चिनाउँदै आएका छन् । पछिल्लो समय माइतीघरमा चलेको आन्दोलनमा निरन्तर सहभागी भएका उनले फेसबुकमा लाइभ समेत गर्दै आएका थिए। जिल्ला प्रहरी परिसर काठमाडौंका एसपी तथा प्रवक्ता सीताराम रिजालका अनुसार पेट्रोल खन्याएर आगो लगाएका कामदलाई तत्कालै उद्धार गरी वीर अस्पतालको ट्रमा सेन्टरमा लगिएको छ । उनको अवस्था खतरामुक्त रहेको अस्पतालले जनाएको छ । नागरिकताविहीन संघर्ष समितिका केन्द्रीय संयोजक इन्द्रजित साफीका अनुसार मोरङको विराटनगर घर भएका कामत दुई वर्षदेखि यस आन्दोलनमा सहभागी हुँदै आएका छन् ।

# मदरसा शिक्षा ऐनमाथि प्रारम्भिक छलफल




**इनरुवा/मस-** 'मदरसा शिक्षा विधेयक, २०८०' माथि प्रारम्भिक छलफल भएको छ । अल हेरा एजुकेशनल सोसाइटीले कोशी प्रदेशका मुस्लिम बुद्धिजिवीहरूबीच मस्यौदामाथि छलफल गरेको हो।

बैठकको अध्यक्षता गर्दै अभियन्ता डा. खालिद हुसेन हकले मदरसा शिक्षालाई व्यवस्थित र गुणस्तरीय बनाउन यसको सम्पूर्ण व्यवस्थापनमा सुधारको आवश्यकता रहेको बताए ।

पूर्वमन्त्री जाकिर हुसैनले मदरसा शिक्षाको कानूनी व्यवस्थापनबारे मुस्लिम समुदायमाझ नै समान सोच नरहेकोले बताए । उनले मदरसा शिक्षाको मूल उद्देश्य र यसको सनाखतलाई असर नपुग्ने गरी वैचारिक एकरूपता कायम गरेर त्यसअनुसार विधेयक तयार पारी सरकारसँग सशक्त रूपमा माग राख्नुपर्नेमा जोड दिए । उनले मदरसा शिक्षा बारेमा समुदाय र सरकारले उठाएका कदमहरूको ऐतिहासिक समीक्षा पनि गरे ।

अल हेरा एजुकेशनल सोसाइटीले शिक्षाविद् विद्यानाथ कोइरालाको सहयोगमा सामुदायिक छलफलका लागि तयार पारेको मदरसा शिक्षा विधेयकको मस्यौदामाथि झापा, मोरङ र सुनसरीका मुस्लिम बुद्धिजीविहरूले आ-आफ्ना विचार राखे ।

बैठकमा प्रदेश सभा सदस्य इसराईल मन्सुरीले मदरसा शिक्षा प्रणालीलाई सुदृढ गर्न समुदायको चाहना बमोजिम प्रदेश सभामा आवाज उठाउने बताए ।

बैठकले संघीय मदरसा शिक्षा ऐन पारित नहुन्जेल प्रादेशिक मदरसा बोर्ड गठनमा कुनै चासो राख्न न हुने निर्णय गरेको छ । बैठकले प्रस्तावित विधेयक मस्यौदालाई अझ परिस्कृत गर्ने निर्णय समेत गरेको सोसाइटीले जनाएको छ ।

# एक हजारभन्दा बढीमा दादुरा संक्रमण



**काठमाडौं/मस-**दादुरा प्रकोपबाट १६ जिल्लाका एक हजारभन्दा बढी संक्रमित भएका छन् । स्वास्थ्य विभागको परिवार कल्याण महाशाखाले मंगलबार सार्वजनिक गरेको प्रतिवेदनमा १६ जिल्लाको एक हजार तीन जनालाई दादुराको प्रकोप भएको छ । महाशाखाका निर्देशक डा.विवेककुमार लालका अनुसार मोरङ, सुनसरी, धनुषा, महोत्तरी, सर्लाही, चितवन, काठमाडौं, कपिलवस्तु, अर्घाखाची, दाङ, बाके, बर्दिया, सुर्खेत, कैलाली, कञ्चनपुर र बाजुरा जिल्लामा दादुराको प्रकोप भएको छ। ती जिल्लामध्ये सबभन्दा बढी प्रभावित कैलाली, सुनसरी र महोत्तरी रहेका छन् ।


कैलालीको धनगढी उपमहानगरपालिका, गौरीगंगा नगरपालिका र गोदावारी नगरपालिका, सुनसरीको बर्जु नगरपालिका र महोत्तरीको गौलाशा नगरपालिकाको वडा नं. २ र ५ रहेका छन्। ती स्थानीय तहका ६ महिनादेखि १५ वर्ष उमेर समूहका बालबालिकालाई दादुराविरुद्धको खोप लगाइएको प्रतिवेदनमा उल्लेख गरिएको छ ।

अहिलेसम्म दादुराको प्रकोपबाट बाँकेको नेपालगञ्जमा एक जनाको मृत्यु भएको प्रतिवेदनमा उल्लेख गरिएको छ । यही जेठ २४ गते काठमाडौंको गोकर्णेश्वर नगरपालिकामा देखिएको दादुरा नियन्त्रणमा आएको महाशाखाले जनाएको छ। दादुरा प्रकोप प्रभावित जिल्लामा हालसम्म दुई लाख १५ हजार ५४ जनालाई दादुराविरुद्धको खोप लगाइएको छ ।

बाल स्वास्थ्य तथा खोप शाखाले यही जेठ २५ गतेदेखि सुनसरी मोरङ, महोत्तरी, बर्दिया, दाङ, सुर्खेत, कैलाली, कञ्चनपुर र बाजुरा जिल्लाका छ महिनादेखि १५ वर्षमुनिका बालबालिकालाई दादुरा रुबेलाविरुद्धको खोप अभियान सुरु गरेको छ । दादुरा रुबेला रोग कोरोना भाइरसभन्दा पनि तीव्र गतिले फैलिने र मृत्युदर पनि उच्च रहेको छ । एक जना दादुरा सङ्क्रमितले १८ जनासम्म रोग सार्न सक्दछ । मन्त्रालयले यसअघि जति पटक खोप लगाए पनि अभियानका क्रममा खोप लगाउन आग्रह गरिएको छ ।

महाशाखाले काठमाडौंका सबै स्वास्थ्य संस्था, निजी अस्पतालमा सक्रिय दादुराका बिरामी खोजी जारी राखेको जनाएको छ। यसै सबै स्वास्थ्य संस्था र निजी अस्पताललाई दादुराको शंकास्पद केस नगरपालिका र स्वास्थ्य सेवा विभागमा प्रतिवेदन पेश गर्न अनुरोध गरिएको छ । यस्तै दादुराको निगरानीको लागि सबै जिल्ला र नगरपालिका फोकल पर्सनलाई संवेदनशील हुनसमेत महाशाखाले गरेको छ ।

# लुम्बिनी प्रदेश सरकारको नीति तथा कार्यक्रम बहुमतले पारित



**लुम्बिनी/मस-**लुम्बिनी प्रदेश सरकारले ल्याएको नीति तथा कार्यक्रम बहुमतले पारित भएको छ ।

प्रदेशसभामा दुईदिनसम्म भएको छलफलमा मंगलबार बसेको दसौँ बैठकले नीति तथा कार्यक्रम बहुमतले पारित गरेको हो । मुख्यमन्त्री डिल्लीबहादुर चौधरीले प्रदेश सरकारको तर्फबाट प्रदेशसभासमक्ष आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रम पारित गर्न प्रस्ताव पेश गरेका थिए । सभामुख तुलाराम घर्तीले सरकारको प्रस्ताव सदनसमक्ष निर्णयार्थ पेश गर्दा ध्वनि मतको आधारमा नीति तथा कार्यक्रम पारित भएको हो ।

यसअघि नीति तथा कार्यक्रममा प्रदेशसभामा सत्तापक्ष सांसदले नीति तथा कार्यक्रमको बचाउमा उत्रिए भने सत्ता बाहिर रहेका दलका सदस्यले भने आलोचना गरेका थिए ।

बैठकमा नीति तथा कार्यक्रममाथि पाँचजना प्रदेश सदस्यले संशोधन प्रस्ताव दर्ता गराएका थिए । उक्त संशोधन प्रस्ताव बहुमतले अस्वीकृत गरेको छ । नीति तथा कार्यक्रममाथि एमालेका प्रदेशसभा सदस्यले संसोधन प्रस्ताव दर्ता गराएका थिए ।

एमालेका प्रदेशसभा सदस्य भोजप्रसाद श्रेष्ठ, विष्णुप्रसाद पन्थी, अर्जुनकुमार केसी, रत्नबहादुर खत्री, वसन्ती न्यौपानेले संशोधन प्रस्ताव दर्ता गराएका थिए ।

प्रदेशसभाको बैठकमा आर्थिक मामिलामन्त्री धनबहादुर मास्कीले आर्थिक वर्ष २०७९/८० को आर्थिक सर्वेक्षण प्रस्तुत गरेका थिए । प्रदेशसभाको आगामी ११ औँ बैठक असार १ गते ३ बजे बस्ने छ ।

# ६ हजार बढी थान हातहतियार नष्ट

**काठमाडौं/मस-**विभिन्न मिति र स्थानबाट कानूनबमोजिम जफत भएका, प्राप्त हुन आएका, बरामद भएका वा बेवारिसे अवस्थामा फेला परेका ६ हजार दुई सय ६८ थान हातहतियार मंगलबार कानूनबमोजिम नष्ट गरिएको छ । नष्ट गरिएका हतियारमा भरुवा बन्दुक छ हजार एक सय ८९ थान, विभिन्न प्रकारका पेस्तोल ६४ थान, म्यागनम १ थान, एयर गन एक थान र नाम नखुलेको १३ थान रहेको छ ।

नेपाल प्रहरी प्रधान कार्यालय कार्य विभागका प्रहरी अतिरिक्त महानिरीक्षक समेतका प्रतिनिधि, गृह मन्त्रालय, जिल्ला प्रशासन कार्यालय काठमाडौं, कोष तथा लेखा नियन्त्रण कार्यालय, स्थानीय प्रतिनिधि र बूढानीलकण्ठ नगरपालिका-११ का वडाध्यक्षलगायतको रोहबरमा काठमाडौं महानगरपालिका-११ स्थित नेपाल प्रहरी केन्द्रीय विशेष कार्यदल कपन परिसरमा हातहतियार नष्ट गरिएको हो ।

## राष्ट्रपति...

नसाबाट तार हालेर जाली खोलेर रगत सञ्चालन गरिएको छ ।

पौडेल छाती दुख्ने, भारी हुने, गाह्रो हुने लगायत समस्या भएपछि अस्पताल पुगेका थिए ।

चिकित्सकका अनुसार एनजिओप्लास्टी गरेपछि मुटुले कस्तो काम गर्छ भनेर दुई दिन हेर्नुपर्ने हुन्छ । अस्पताल निर्देशक डा.चन्द्रमणि अधिकारी नेतृत्वको टोलीले राष्ट्रपति पौडेलको शल्यक्रिया गरेको थियो । तर अस्पताल भर्ना भएका राष्ट्रपतिको विषयमा उनको सचिवालयले भने औपचारिक रुपमा कुनै जानकारी दिएको छैन । राष्ट्रपति पौडेलले शनिबार पनि गंगालालमै नियमित परीक्षण गराएका थिए ।

शहीद गंगालाल राष्ट्रिय हृदयरोग केन्द्रका निर्देशक डा. चन्द्रमणि अधिकारीले विज्ञप्ति जारी गरी राष्ट्रपति नियमित स्वास्थ्य परीक्षणका लागि आएका र चिकित्सकको सल्लाह अनुसार एक दिन अस्पतालमै अब्जर्भेसनमा राखिने बताएका छन् । पौडेलको स्वास्थ्य अवस्था सामान्य रहेको विज्ञप्तिमा उल्लेख गरिएको छ । राष्ट्रपति पौडेललाई बुधबारसम्म डिस्चार्ज गर्ने तयारी छ ।

## हर्षले...

स्थानीयका अनुसार सुनसरीको धरान उपमहानगरपालिकाको २० नम्बरको पकुवामा सोमबार मध्यराति १२ बजेर ३ मिनेटमा कोकाहा खोलाको पानी झारिएको थियो । त्यसक्रममा हर्षले मेयर राइ रोएका हुन् ।

पानी आएपछि भावुक हुँदै आँसु झारेका मेयर साम्पाङ केहि बेर बोल्नै सकेनन् । पानी कुरेर जागराम बसेका मेयर साम्पाङ हातमा हथौडा बोकेर पाइपबाट झरेको पानी छेउमा उभिएर एक छिन रोए, अनि पानी हातले फिजाउँदै सबैतिर छर्के, आफ्नो शरिर भिजाए, मुखमा छर्किएर। दुई दिन देखि कोकाहको पानी नझारी घर नै नजाने भनेर मेयर राइ २० नम्बर वडाको पकुवा नजिक खोला किनारमा रातभरी बसेका थिए । कोकाहको पानी पकुवामा साढे ५ मिटरको पाइपभरी ल्याइएको छ, ३ वटा ट्यांकीमा जम्मा गरेर वितरण गर्ने योजना छ ।

## एयरपोर्टमा...

कामदारको हैसियतमा जाँदा हुन सक्ने जोखिमका बारेमा उनीहरूलाई सम्झाएर फर्काइएको ब्युरोले बताएको छ । आइतबार फर्काइएका ८५ जनामध्ये ६४ जना महिला र २९ जना पुरुष रहेका छन् ।

प्रहरीले जेठ २१ देखि २८ गतेसम्म एक हप्तामा २ सय ३ जना महिला र १ सय ३३ जना पुरुष गरी ३ सय ३६ जनालाई फर्काइएको बताएको छ। प्रहरीले भिजिट भिसामा पठाउन ट्राभल एजेन्सी, शैक्षिक कन्सल्ट्यान्सी र केही म्यानपावर कम्पनीका सञ्चालक पनि संलग्न भएको देखिएको दाबी गरेको छ ।

वैदेशिक रोजगार विभाग ताहचल समन्वय समितिका संयोजक कर्ण कटुवालले प्रहरीबाट प्राप्त जानकारी गम्भीर रहेको भन्दै इजाजतपत्रवाला संस्थाका सञ्चालकहरूले वैदेशिक रोजगार ऐन र नियमावलीको परिधिभित्र श्रम स्वीकृति लिएर मात्र युवायुवतीलाई वैदेशिक रोजगारमा पठाउन पटक-पटक आग्रह गरेको बताए । जथाभावी पठाएको अवस्थामा कसैले सहयोग नगर्ने उनको भनाइ छ ।

ब्युरोले जेठ महिनामा (२८ गतेसम्म) ४ सय ७९ महिला र ३ सय २४ पुरूष गरी ८ सय ३ जना, वैशाख महिनामा ३ सय १३ महिला र एक जना पुरूष गरी ३ सय १४ जना, चैतमा ५ सय २६ महिला र १ सय २७ पुरूष गरी ६ सय ५३ जना, फागुनमा ३ सय ३१ महिला र २ सय २६ पुरूष गरी ५ सय ५७ जना र माघमा १ सय ९३ महिला र ५७ पुरूष गरी २ सय ५० जना तथा भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट ६ जना महिला र २८ जना पुरूष गरी ३४ जनासहित भिजिट भिसामा जान खोज्ने ३ हजार ५ सय ७९ जनालाई फर्काइएको बताएको छ ।

यसैबीच यूएईस्थित नेपाली दूतावासले व्यक्तिगत श्रम स्वीकृति लिएर यूएई आएकाहरू ठगीमा पर्ने र करारअनुसारको तलब र सेवा सुविधा नपाउने समस्या बढेको भन्दै व्यक्तिगत भिसा प्रमाणीकरणमा कडाइ गरिरहेको बताएको छ । अबदेखि प्रमाणित कागजातको आधारमा एकाघरका परिवारका सदस्यलाई र यसअघि यूएईमा काम गरेका कामदारको मात्र व्यक्तिगत भिसा प्रमाणीकरण हुने दूतावासले जनाएको छ ।

## काठमाडौंमा...

कामदार पठाउने यसअघिको श्रम सम्झौताको कार्यान्वयन, यूएई जाने नेपाली कामदारको न्यूनतम तलब, उनीहरूको सीप तालिमलगायतका विषयमा छलफल हुने बताइएको छ। यूएई प्रतिनिधिमण्डलले घरेलु कामदारको विषयलाई यसपटक पनि गम्भीरताका साथ उठाउने जानकारी गराएको मन्त्रालय स्रोतले बताएको छ । यूएईले आफ्नो मुलुकमा पूर्ण सुरक्षा रहेको दाबी गर्दै यसअघिका बैठकमा पनि घरेलु कामदारको विषयलाई टुंगोमा पुऱ्याउन आग्रह गर्दै आएको थियो । तर यसपटकको बैठकमा भने घरेलु कामदार पठाउने विषयमा मिति नै तोक्नुपर्ने पक्षमा यूएई रहेको बताइएको छ।

नेपालले २०७३ सालमा तत्कालीन श्रम तथा अन्तर्राष्ट्रिय सम्बन्ध समितिले खाडी मुलुकमा श्रम सम्झौता नभएसम्म घरेलु कामदार पठाउन रोक लगाएको थियो । त्यसबेलादेखि नै यूएईले घरेलु कामदारको विषयमा जोड दिँदै आएको छ ।

UAE मा रोजगार | कम्पनी: PRIME SECURITY SERVICES शहर : DUBAI

पूर्व स्वीकृत मितिः २०८०/०२/३० चलानी नं.: ६०२०३०६० L.T. No.: 287787

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 50 | 0 | स. काममा दक्ष | 1200 | ४२,९९६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा मिति २०८० असार ६ गते (21 June 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

DYNAMIC STAFFING SOLUTION NEPAL (P) LTD.
Gov. Lic. No.: 896/067/068
डाईनामिक स्टाफिङ्ग शोलुशन नेपाल प्रा. लि.
टाउन प्लानिङ्ग, सामाखुसी,काठमाडौं, फोनः ४३५७८२८, ४३५९५१८
Email: info@dssnepal.com.np, Website: www.dssnepal.com.np

CYPRUS मा रोजगार | कम्पनी: E.T. TRUST EMPLOYMENT शहर:LIMASSOL

पूर्व स्वीकृत मितिः २०८०/०२/१७ चलानी नं.: ६०२०२२८१ LT. No.: 286931

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Domestic Worker Female | 0 | 20 | स. काममा दक्ष | 314 | ४४,५१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० असार ६ गते (21 June 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Lic. No.: 643/063/64
कर्म इन्टरनेशनल इम्प्लोइमेन्ट सर्भिसेज प्रा. लि.
पो.ब.नं. २१८४४, ज्ञानेश्वर, काठमाडौं, नेपाल सम्पर्क नं. ४५२४१५२, ४५१२३५६
email:office@karmaemployment.com, website:www.karmaemployment.com
9841909881/ 9808015823 / 9813786280 / 9841511496

MAURITIUS मा रोजगार | कम्पनी : Udis Ltée शहर : Mauritius

पूर्व स्वीकृत मितिः २०७८/११/१० चलानी नं.: ६०१७४९०५ L.T. No.: 258264 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब MUR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Air Con Technician | 3 | 0 | सम्बन्धित काममा दक्ष | 14000 | ३८,१९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Electrician | 4 | 0 | | 14000 | ३८,१९५ | | | | | | | |
| 3. | Forklift Driver | 4 | 0 | | 14000 | ३८,१९५ | | | | | | | |
| 4. | Shelf Filler | 2 | 0 | | 12600 | ३४,३७३ | | | | | | | |
| 5. | Welder | 1 | 0 | | 14000 | ३८,१९५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० असार ६ गते (21 June 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

DHR
Gov. lic. No. 789/065/66
Destiny Human Resource Nepal Pvt. Ltd.
G.P.O. Box: 8975 EPC 5444, Kathmandu, Nepal
Tel.: 01-5104632/01-5104634, Email: destinykuwait3@gmail.com
Fax : 4111890 Mobile No: 9823599811

# मधेशका मुख्यमन्त्रीलाई सिंगो सदनको विश्वास

विश्वासको मत नलिए कानूनी अड्चन आउन सक्ने देखेपछि मंगलबार मुख्यमन्त्री सरोज यादवले आकस्मिकरुपमा विश्वासको मत लिने बिहान मात्र निर्णय गरेका थिए ।

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३० जेठ ।

मधेस प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले पुनः प्रदेश सभामा विश्वासको मत पाएका छन् । मंगलबार प्रदेश सभामा उपस्थित १०३ जना सांसद मध्ये विश्वासको मतको पक्षमा १०३ सांसदले नै मतदान गरे । विपक्षमा शून्य मत परेको छ ।

नेकपा एमालेले गठबन्धन भत्किएसँगै जेठ १ गते सरकारलाई दिएको समर्थन फिर्ता लिएको थियो । समर्थन फिर्ता लिएको एमालेले आज ३० औं दिनमा प्रतिपक्षमा बस्ने गरी मुख्यमन्त्री यादवलाई विश्वासको मत दिएको छ । मुख्यमन्त्रीले आज आकस्मिक रूपमा प्रदेश सभाको बैठक बोलाएर



विश्वासको मत लिँदा सिंगो सदनकै मत पाए ।

मुख्यमन्त्री यादवलाई प्रदेश सभामा प्रतिनिधित्व गर्ने १० वटै दल र स्वतन्त्र सांसदले समेत विश्वासको मत दिएका हुन् ।

मधेश प्रदेश सरकार स्पष्ट बहुमत कायमै रहेको भन्दै विश्वासको मत लिने मनस्थितिमा थिएन । विश्वासको मत नलिए कानुनी अड्चन आउन सक्ने देखेपछि मंगलबार मुख्यमन्त्री सरोज यादवले प्रदेश सभाको आकस्मिक रुपमा विश्वासको मत लिने बिहान मात्र निर्णय गरेका थिए । जसको लागि प्रदेशसभा सचिवालयले बिहान ११ बजे प्रदेश सांसदहरुलाई उपस्थितिका लागि साँझ ५ बजे विशेष बैठक भनेर एसएमएस मार्फत जानकारी पठाएको थियो ।

प्रदेश सभामा एमालेका २३, कांग्रेस २२, जसपा १८, जनमत १३, लोकतान्त्रिक समाजवादी पार्टी लोसपा र माओवादी केन्द्रका ९/९, एकीकृत समाजवादीका सात सांसद छन् भने नेपाल संघीय समाजवादी पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी र नागरिक उन्मुक्ति पाटीका एकरएक जना सांसद छन् । ३ जना स्वतन्त्र सांसद छन् ।

# प्रचण्ड र बाबुरामविरुद्धको मुद्दामा कारण देखाऊ आदेश

**काठमाडौं /मस**-सर्वोच्च अदालतले सशस्त्र संघर्षमा संलग्न कम उमेरका सैनिकको व्यवस्थापनका विषयमा उचित निर्णय नगर्नुका कारण देखाउन आदेश दिएको छ ।

न्यायाधीश सपना प्रधान मल्लको एकल इजलासले सो विषयमा कारण देखाउन नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' र डा.बाबुराम भट्टराईका विरुद्धमा आदेश दिएको हो ।



अदालतले सो मुद्दामा अग्राधिकार हुने आदेशसमेत जारी गरेको छ । तत्कालीन नेकपा (माओवादी)को नेतृत्वमा भएको सशस्त्र संघर्षमा भाग लिएका कम उमेरका सैनिकलाई अयोग्य ठहर गरेर शिविरबाट बाहिर निकालिएको थियो ।

त्यस निर्णयबाट आफूहरूको व्यवस्थापन नभएको भन्दै अयोग्य लडाकुका रूपमा लेलिन विष्टलगायतले मुद्दा दायर गरेका थिए ।

# स्थायी कर्मचारी दरबन्दी १५ दिनभित्र पठाउन पत्राचार

**काठमाडौं /मस**-संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले १५ दिनभित्र आफ्नो कार्यालयअन्तर्गत कार्यरत स्थायी कर्मचारीको दरबन्दी पठाउन सबै मन्त्रालय, आयोग र सचिवालयलाई पत्राचार गरेको छ ।



मन्त्रालयका उपसचिव कमानसिंह थापामगरद्वारा हस्ताक्षरित गरिएको उक्त पत्रमा राजपत्राकिंत र रापअनङ्कित छुट्टाछुट्टै स्थायी कर्मचारीको दरबन्दी पठाउन पत्राचार गरिएको हो । सचिवस्तरीय निर्णयबाट मन्त्रालयले सबै मन्त्रालय, आयोग र सचिवालयहरुलाई पत्राचार गरेको हो ।

मन्त्रालयद्वारा गरिएको पत्राचारमा भनिएको छ, 'मन्त्रालय, आयोग, सचिवालय र अन्तर्गतका कार्यालयमा कार्यरत सम्पूर्ण स्थायी कर्मचारीको प्रमाणित विवरण १५ दिनभित्र मन्त्रालयको संघीय मामिला तथा प्रादेशिक कर्मचारी प्रशासन शाखामा उपलब्ध गराइदिनुहुन मन्त्रालयको सचिवस्तरीय निर्णयअनुसार अनुरोध छ ।'

कर्मचारीहरुको विवरण पठाउनका लागि ढाँचा समेत मन्त्रालयले पत्रसँगै पठाएको छ । त्यसमा कार्यरत कर्मचारीको नाम, कर्मचारी सङ्केत नम्बर, पद, सेवा-समूह-श्रेणी, सम्बन्धित कार्यालयमा सरुवा भएर आएको मिति, हालको कार्यालयमा कार्यरत अवधि, दरबन्दी-फाजिल, रिक्त संख्या र कैफियतसहितको विवरण ढाँचा पनि सामान्य प्रशासन मन्त्रालयले दिएको छ ।

सरकारले यही १५ जेठमा ल्याएको आगामी आर्थिक वर्षको बजेटमा दरबन्दी पुनरावलोकन गर्ने घोषणा गरेको छ । बजेटमा सबै सरकारी सेवा, नियामक निकाय र सार्वजनिक संस्थानमा आगामी आवमा नयाँ संरचना र दरबन्दी सिर्जना नगर्ने तथा सार्वजनिक प्रशासनको विद्यमान संरचना र दरबन्दीको पुनरावलोकन गरी छरितो बनाउने उल्लेख गरिएको छ ।

यसका लागि सम्बन्धित मन्त्रालय र निकायले आगामी मङ्सिर महिनाभित्र सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण (ओएन्डएम) गर्नुपर्ने व्यवस्था बजेटले गरेको छ । सरकारले चालु आर्थिक वर्षको बजेटमार्फत संघमा १० प्रतिशत कर्मचारी कटौती गर्ने घोषणा गरे पनि त्यो भने कार्यान्वयन भएको छैन ।

# गाँजाखेतीको सम्भाव्यता अध्ययन गर्दै गण्डकी प्रदेश

**कास्की /मस**-गण्डकी प्रदेश सरकारले गाँजाखेतीको सम्भाव्यता अध्ययन गर्ने भएको छ । गण्डकी प्रदेश सरकारको आर्थिक वर्ष २०८०/८१ को वार्षिक नीति तथा कार्यक्रममा औषधिजन्य तथा उद्योगजन्य कच्चापदार्थ उत्पादन प्रयोजनका लागि गाँजाखेतीको सम्भाव्यता अध्ययन गरी आवश्यक कानूनी व्यवस्था गरिने उल्लेख छ ।




सरकारले भाँगो, टुसा, निउरो, सिन्की, बाँको, टिमुर, सिस्नो, सिलाम र उच्च पहाडी तथा हिमाली भेगमा हुने आलु, उवा, कोदो, काउनो, फापर, जौ लगायतका उत्पादनलाई ब्राण्डिङ तथा बजारीकरणमा प्रोत्साहन गरिने नीति लिएको छ ।

भूमिको उत्पादनशीलता अभिवृद्धि गर्न जग्गाको वर्गीकरण, चक्लाबन्दी, यान्त्रिकीकरण, व्यवसायीकरणमा जोड दिइने उल्लेख गर्दै नीति तथा कार्यक्रममा उत्पादनको दिगोपना र निरन्तरताको लागि उत्पादनसँग अनुदानको आबद्धता कायम गर्दै लगिने भनिएको छ ।

'एक निर्वाचन क्षेत्र-एक प्रविधिमैत्री स्मार्ट कृषि फर्म'को अवधारणा विकास गरी आवश्यक पूर्वाधारसहित सामूहिक कृषि विकास कार्यक्रम सञ्चालन गरिने सरकारको योजना छ ।

# पाठ्यपुस्तक छपाइको आयव्यय सार्वजनिक गर्न माग




**काठमाडौं /मस**-जनक शिक्षा कर्मचारी संगठनले शैक्षिक सत्र २०७९/८० को पाठ्यपुस्तक छपाइको आयव्यय हिसाब श्वेतपत्रमार्फत यथाशीघ्र सार्वजनिक गर्न माग गरेको छ ।

संगठनका संयोजक जनखलाल भारतीले केन्द्रका प्रबन्ध निर्देशक अनिलकुमार झालाई ज्ञापनपत्र दिँदै शैक्षिक सत्र २०८० का लागि पाँच हजार मेट्रिक टन कागज आपूर्तिको जिम्मा लिएको नेपा हिमा प्रालिले हालसम्म आपूर्ति पूरा नगरी अन्य व्यवस्थाबाट पाठ्यपुस्तक छाप्नुपरेको र कक्षा १० को कोर्ष आउट भइसकेको पुस्तक बढी छापिएको विषयमा पनि ध्यानाकर्षण गराएको छ ।

संगठनले नेपालगञ्जमा प्रादेशिक प्रेस सञ्चालनका लागि आर्थिक वर्ष २०८०/८१ को बजेटमा करिब रु. २५ करोड रकम छुट्याइ यही आर्थिक वर्षमै सोही स्थानबाट पाठ्यपुस्तक उत्पादन गरी बिक्रीवितरणको व्यवस्था मिलाउन समेत माग गरेको छ ।

संगठनले कर्मचारी सेवा शर्त विनियमावली सम्बन्धित निकायबाट ल्याई कर्मचारीको वृत्ति विकासका कार्य नियमित गर्न, केन्द्रका फाजिल दरबन्दीमा रहेका हाल तीन तहमा कार्यरत कर्मचारीलाई विनियमावलीको व्यवस्था अनुसार विनाशर्त चार तहमा बढुवा गर्न समेत माग गरेको छ । प्रादेशिक कार्यालयका जीर्ण भवनमध्ये आगामी आवको बजेटमा कम्तीमा प्रादेशिक कार्यालय, भरतपुर र कैलालीको धनगढी कार्यालयका भवन निर्माणका लागि बजेटमा व्यवस्था गर्नुपर्ने संगठनले जनाएको छ ।

विगत लामो समयदेखि पाठ्यपुस्तकको मूल्यवृद्धि नभएको र कच्चापदार्थको भाउ दोब्बर भएकाले तत्काल पाठ्यपुस्तकको मूल्यवृद्धिको पहल गर्न, केन्द्रमा बिग्रिएर थन्किएका मेसिनलाई तत्काल लिलाम प्रक्रिया अगाडि बढाउन, कागज लोड-अनलोड गर्दा लापरबाहीका कारण नोक्सान हुने अवस्था कम गर्न, केन्द्रमा अर्को पाठ्यपुस्तक भण्डारण बनाउन माग गरिएको छ ।

ज्ञापनपत्र शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री, सञ्चालक समितिका अध्यक्ष एवं शिक्षा मन्त्रालयका सचिव, र सार्वजनिक संस्था कर्मचारी संगठन, नेपालका अध्यक्षलाई बोधार्थ दिइएको छ ।

# तिला नदीमा खसेर युवा बेपत्ता



**जुम्ला/मस**- जुम्लामा एक जना युवा तिला नदीमा खसेर बेपत्ता भएका छन् ।

जुम्लाको तिला गाउँपालिका-१ मा निर्मित अस्थायी पुलबाट चिप्लिएर खस्दा तिला गाउँपालिका वाडा नं ६ घोडे गाउँका कर्णबहादुर रोकायाका छोरा अन्दाजी १७ वर्षीय मोहन रोकाया बेपत्ता भएको जिल्ला प्रहरी कार्यालय जुम्लाका सूचना अधिकारी धर्मराज जोशीले जानकारी दिए ।

तिला-१ रारालिही बजारबाट चामलको बोरा लिएर घर जाने क्रममा उनी पुलबाट चिप्लिए र नदीमा खसेका थिए । प्रहरी र स्थानीयले अहिले उनको खोजीकार्य गरिरहेका छन् । घटनाबारे नाग्म प्रहरीलाई पनि खबर गरिएको छ ।

तिला नदी धमिलो भएकोले खोज्न समस्या भएको जिलला प्रहरी कार्यालय जुम्लाका सूचना अधिकारी जोशीले बताए ।

# दुई विद्यालयमा लगाइएको ताला महानगरले खोल्यो



**काठमाडौं /मस**-विद्यार्थी संगठनले महानगरको क्षेत्राधिकारभित्र रहेका विद्यालयमा लगाएको ताला नगर प्रहरीले खोलेको छ । विभिन्न माग राख्दै विद्यार्थी संगठनले तालाबन्दी गरेको थियो । ताला लगाइएका विद्यालयहरु वडा १५ मा ठूलो भऱ्याङ्मा रहेको संस्कृति इन्टरनेशनल स्कूल र वडा ३ बाँसबारीमा रहेको युलियन्स स्कूल हुन् । यस विषयमा प्रतिक्रिया दिँदै काठमाडौं महानगरपालिकाका प्रमुख बालेन्द्र शाह (बालेन) ले विद्यालयले नियमको पालना नगरेको पाइए महानगरमा उजुरी गर्न अनुरोध गरेका छन् ।

'हामी शैक्षिक गुणस्तर सुधारका लागि नियमित काम गरिरहेका छौँ । विद्यालयमा कसैले पनि राजनीति गरेको हामी कल्पना पनि गर्न सक्दैनौं । चाहे त्यो सरकारी होस् वा निजी' प्रमुख शाहले भनेका छन्, 'हामीले विद्यालयमा लगाएको ताला फोडेर शैक्षिक क्रियाकलाप नियमित गराएका छौँ ।' यस अघि प्रमुख शाहले सार्वजनिक अपिल गर्दै शिक्षकलाई राजनीति नगर्न, कुनै दलको सदस्य लिएको भए त्याग गर्न अनुरोध गरेका थिए । यसै गरी विद्यालयमा राजनीतिक नगर्न अर्को पटक सार्वजनिक सूचनामार्फत आग्रह गरिएको थियो ।

लक्षित वर्गका विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनु पर्नेजस्ता नियमको पालना गराउन महानगर आफैँले नियमित अनुगमन र नियमनका काम गरिरहेको छ ।

**महत्वपूर्ण कागजात हराएको सूचना**

बाजुराको सदरमुकाम मार्तडीदेखि कोल्टीसम्म आउदा २०८० बैशाख ३० गते बाजुराको बडिमालिका न.पा. शेरी बस्ने बर्ष ३० कि धना कुमारी रेग्मीको ए.एल.सी., प्रमाण पत्र तहका प्रमाण पत्र, टि एस एल सी को प्रमाण पत्र राहादानि, नागरिकता, जग्गा धनी लालपुर्जा लगायत डकुमेन्ट हराएकाले फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा मेरो सम्पर्क नं 9867088883 र 9848437943 मा सम्पर्क गरि बुझाई दिन हुन अनुरोध छ ।

दम्पती हत्या प्रकरण

# सिआइबीको टोली नवलपरासीमा




**नवलपरासी मस**- दम्पती हत्याबारे अनुसन्धानका लागि नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी) को टोली पश्चिम नवलपरासी आएको छ । नवलपरासीको प्रतापपुर गाउँपालिका-८ मा गत सोमबार दम्पती हत्या भएको थियो ।

उक्त वडाको पथलहनी बस्ने ५५ वर्षीय तिलकराम भेडिहार र उनकी श्रीमती ५० वर्षीया निर्मला भेडिहारको वीभत्स हत्या भएको हो । उनीहरुको टाउकोमा धारिलो हतियार प्रयोग गरी हत्या गरिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी एवं प्रहरी नायव उपरीक्षक भोजराज पाण्डेका अनुसार सिआइबीको र जिल्ला प्रहरी कार्यालयको टोलीले संयुक्तरुपमा उक्त हत्याको अनुसान्धान गरिरहेको बताए ।

उनका अनुसार अनुसन्धानमा अपराधीको नजिक पुगिसकेको छ । अपराधीले घटना होसियारीपूर्वक घटाएकाले सामान्य प्रमाणसमेत छोडेका छैनन् । जिल्ला प्रहरी कार्यालयले उक्त घटनामा अनुसन्धान गर्दा अपराधी नजिक पुग्न नसक्दा तीन दिनदेखि सिआइबीको दुई टोली पनि आएर अनुसन्धानलाई अगाडि बढाएको उपरीक्षक पाण्डेले जानकारी दिए । उनका अनुसार प्रहरी अपराधीको नजिक पुगिसकेको छ । हत्या भएको दम्पतीको सोही वडामा रहेको बैरिहवा भन्ने गाउँमा घर रहेको छ तर उनीहरू सामान्य खेतीपातीसँगै भैँसीपालन गरी पथलहनीमा बस्दै आएका थिए । उनीहरूका सन्तान उक्त गाउँमै बस्दै आए पनि दम्पती भने गाईभैँसीलाई रेखदेख गर्नको लागि पथलहनीमा बस्दै आएका थियो । उनीहरूको हत्यापछि शवलाई आँगनमा फालिएको थियो ।

माईन्ड म्यानेजमेन्ट कार्यशाला
सफलता, शान्ति र आनन्दको लागि

मानसिक क्षमता वृद्धि, आत्म विकास, सकारात्मक सोच, नेतृत्व क्षमता विकास, अध्यात्मिक ज्ञान तथा लाभ र सुखी जीवनको लागि हुन गइरहेको यस कार्यक्रममा स्वागत छ ।



"सफल हुने बहाना बनाउँदैन
बहाना बनाउनेले सफल हुँदैन"
आचार्य श्री स्वामी ध्रुव

शुल्क रू ६,००० /-

आयोजक: सृष्टी साधना केन्द्र, सानेपा
सम्पर्क: ९८४३४७४३९७

GET YOUR eVISA FOR MALAYSIA
Authorized by Government of Malaysia for Visa Processing
Hello Travels Pvt. Ltd.
Say Hello ! to your Destination
Metro Park Building, Third Floor, Uttar Dhoka
Lazimpat-2, Kathmandu, Nepal
+977-1-4419871
+977-9808819329 / 9818827005/ 9746459621
nepal.osc@gmail.com
थप जानकारीको लागि
QR SCAN गर्नुहोस्
You are one SCAN away from getting your VISA!
TRAVEL THE WORLD
Best Airfare and Wide Variety of Choices
Harvest Moon Travel and Tours (P.) Ltd.
Harvest Moon Building, Gairidhara,
Naxal, Kathmandu, Nepal
+977-1-4415574 / 4415526 / 4415517 / 4415442
harvestmoon@mos.co.np
www.harvestmoongroup.com

मध्यान्ह
www.madhyanhadaily.com
३१ जेठ २०८०, बुधबार
14 June 2023, Wednesday

सम्पादकीय

## मनोमानीले निम्त्याउने संकट

सत्ता सहयात्री दलहरूबीच आगामी आर्थिक वर्ष २०८०/०८१ को बजेटमाथि फेरि छलफल शुरू भएको छ । सत्तारूढ नेकपा एकीकृत समाजवादी र जनता समाजवादी पार्टी (जसपा) ले असन्तुष्टि जनाएपछि बजेटमाथि छलफल शुरू भएको हो । एकीकृत समाजवादीका अध्यक्ष एवम् पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले सार्वजनिक रूपमै बजेटप्रति असन्तुष्टि जनाएका थिए । बजेट विनियोजन चित्तबुझ्दो नभएकाले संशोधन नभए पारित नै हुन नसक्ने अध्यक्ष नेपालको अभिव्यक्ति थियो । प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको निर्वाचन क्षेत्र गोरखा, नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाको निर्वाचन क्षेत्र डडेलधुरा र अर्थमन्त्रीको गृह जिल्ला नुवाकोट केन्द्रीत गरेर बजेट आएको अध्यक्ष नेपालको भनाइ थियो । यस्तो असन्तुलित बजेट संशोधन नभएर पारित हुन नसक्ने माधव नेपालको असन्तुष्टिपछि सत्तारूढ दलका नेतृत्व छलफलमा जुटेका हुन् ।

मंगलबार प्रधानमन्त्रीको सरकारी निवास बालुवाटारमै बजेटबारे छलफल भएको थियो । एक नेताका अनुसार, आन्तरिक रूपमा बजेट समायोजन गर्ने तयारी नेताहरूबीच भइरहेको छ । यस्तो मध्यमार्गी प्रस्तावले सत्तारूढ दलहरूबीच देखिएको संकट हल हुन सक्छ । तर यसले केही गम्भीर प्रश्न पक्कै सिर्जना हुनेछ । किनकि अर्थमन्त्री महतले पेश गरेको बजेट संघीय संसदबाट अनुमोदन भएको छैन । बजेट र त्यसका लागि आवश्यक कानून निर्माणबारे सांसदहरूले आफ्नो सुझाव संसदमा राखिरहेका छन् । उनीहरूले सरकारले प्रस्तुत गरेको बजेटमा आफ्नो सुझावको अर्थ नरहने बताइरहेका छन् । त्यसैले नीति तथा कार्यक्रम र बजेटमाथिको छलफल प्रक्रियाका लागि मात्रै भएको सांसदहरूको गुनासो छ ।

तर बजेट पारित गर्ने सांसदहरूको सुझाव समेटेर बजेटको कार्यक्रममा कुनै परिवर्तन नगर्ने सरकारले शीर्ष नेताहरूको सहमति कार्यान्वयन पक्कै पनि गम्भीर कुरा हो । यसको अर्थ सरकारले नेता विशेषको क्षेत्र केन्द्रीत गरेर बजेटमा ल्याएको कार्यक्रम सही भन्न खोजिएको होइन । आवश्यकता र सन्तुलनको आधारमै बजेट आउनुपर्ने हो । त्यस्तो नहुनु दुखद् हो, अर्कोपटक यस्तो प्रवृत्ति दोहारिन हुन्न । तर नेताले आफ्नो निर्वाचन क्षेत्रलाई आधार मानेर बजेट विनियोजन गर्ने अनि अर्का प्रभावशाली नेताले असन्तुष्टि जनाउँदा साथ कार्यक्रम समायोजनले पनि संवैधानिक व्यवस्था र संसदीय प्रक्रिया कमजोर बनाउँछ । अझ बजेट संशोधनको अर्थ सरकार अल्पमतमा रहेको सन्देश जाने हुनाले राजनीतिक नेतृत्वले यसतर्फ ध्यान दिन आवश्यक छ । हच्चुवा र शक्तिको आधारमा बजेट विनियोजन गर्ने र सत्ता जोगाउन भित्रभित्रै बजेट संशोध नगर्ने प्रवृत्ति उचित होइन ।

# उपत्यकामा यातायात व्यवस्थापनका चुनौती

अग्रलेख



● भीमज्वाला राई

काठमाडौं भित्रिने र बाहिरिने लामो, मध्यम र छोटो दूरीका सम्पूर्ण सवारीसाधनहरु गोँगबुस्थित नयाँ बसपार्कभित्र लैजानुपर्ने, यात्रु चढ्न र ओर्लन बसपार्क नै पुग्नुपर्ने, टिकट बुकिङ काउन्टर बसपार्कभित्रै लैजानुपर्ने बसपार्कबाहेक अन्यन्त्र टिकट काट्न नपाइने विषयमा काठमाडौं महानगरपालिकाले निर्णय गरेको छ । २०८० साल वैशाख २९ गते काठमाडौं महानगरपालिकाका प्रमुख बालेन्द्र साहको उपस्थितिमा र जेठ १४ गते महानगरका ट्राफिकविज्ञ जगतमान श्रेष्ठको उपस्थितिमा भएका निर्णयअनुसार असार १ गतेदेखि अनिवार्य कार्यान्वयन गर्ने भन्दै जेठ १९ गते महानगरले सूचना प्रकाशित गरेको छ ।

महानगरपालिकाको यस निर्णयले यात्रुलाई असुविधा हुने, काठमाडौंमा ट्राफिक समस्या बढ्ने, यातायात व्यवसायीलाई सास्ती हुने र श्रमिकहरुको रोजीरोटी खोसिने जनाउँदै निर्णय र सूचना सच्याउन सरोकारवालाहरुले महानगरसँग अनुरोध पनि गरेका छन् । सार्वजनिक सवारीसाधनबाट दैनिक काठमाडौं छाड्ने यात्रुहरुको संख्या करिब ७५ हजार हुन आउँछ र भित्रिनेको संख्या पनि सोही अनुपातमा हुने अनुमान गर्न सकिन्छ । निर्णयअनुसार ती यात्रु उपत्यका जुनसुकै स्थानको भए पनि टिकट काट्न बसपार्क पुग्नुपर्ने हुन्छ । सवारीसाधन चढ्न बसपार्क पुग्नुपर्ने हुन्छ । ओर्लिन बसपार्क नै पुग्नुपर्ने हुन्छ । यसले हजारौं सर्वसाधारण जनतालाई समस्यामा पार्नेछ । सार्वजनिक सवारीसाधन गरिब जनताका साधन हुन् । यो निर्णयले यात्रुलाई हैरानी हुनेछ भने समयको बर्बादी र आर्थिक भार पनि बढाउने छ ।



### बसपार्कको क्षमता र सवारीसाधन

सैद्धान्तिकरूपमा बसपार्कमा सवारीसाधनहरु जानुपर्छ, यात्रुहरु बसपार्कबाटै यात्रा गर्नुपर्छ भन्ने विषयलाई नराम्रो भन्न मिल्दैन । तर, नयाँ बसपार्कको पार्किङ क्षमता सात सय सवारीसाधन मात्रै हो । महानगरको निर्णयअनुसार लामो, मध्यम र छोटो दूरीमा चल्ने सबै सवारीसाधनहरु बसपार्क भित्र्याउने हो भने पार्किङ गर्ने विषय परको कुरो, चढाउने र ओराल्ने मात्रै गर्न पनि नयाँ बसपार्कले धान्न सक्दैन ।

सामान्यतया: विपी राजमार्ग भएर पूर्व चल्ने सवारीसाधनहरु करिब दुई हजार, पूर्वअरनिको यातायात प्रालिका करिब छ सय, पूर्व चल्ने रात्रि तथा दिवा सेवा करिब दुई सय बल्खुबाट तराई चल्ने सुमो करिब आठ सय, पनौती-धुलिखेलका करिब चार सय, पृथ्वी राजमार्ग चल्ने करिब चार सय, पश्चिम चल्ने करिब सात सय, पासाङ ल्हामु राजमार्गमा चल्ने करिब दुई सय गर्दा करिब करिब पाँच हजार सवारीसाधनहरु हुन आउँछ । बसपार्कको विस्तार र व्यवस्थापन नगरी यही अवस्थामा सबै सवारीसाधनहरु बसपार्क जानैपर्छ भन्नु व्यावहारिक हुँदैन ।

### कोलाहलमय हुनेछ बसपार्क

कोटेश्वर, गौशाला, चावहिल, सुकेधारा, सातदोबाटोले धानिरहेको विपी राजमार्गबाट पूर्व जाने सवारीसाधनहरु, पूर्व अरनिको यातायात प्रालिका बस, पूर्व चल्ने रात्रि तथा दिवा सेवाका बस, बल्खुबाट तराई चल्ने सुमो, पनौती, धुलिखेलका बसहरु करिब १० देखि १४ किलोमिटर चक्रपथ घुमेर बसपार्क जानुपर्दा यसको असर उपत्यकाका सडकमा प्रत्यक्ष पर्ने निश्चित छ ।

महानगरको यो निर्णय गर्दा उपत्यकाको ट्राफिक व्यवस्थापनका लागि भनिएको छ । तर उल्टै यसले अस्तव्यस्त पार्नेछ । अहिले पनि सहरको कुनै क्षेत्रमा यातायात सञ्चालनमा कुनै समस्या आए दिनभर पूरै उपत्यका असर पर्ने गर्दछ । त्यसलै चक्रपथ मात्रै होइन, काठमाडौं उपत्यकाका सबै सडक ट्राफिक समस्याले तहसनहस बन्ने देखिन्छ । हजारौं यात्रु गन्तव्यका लागि सवारीसाधनको खोजीमा भौंतारिनुपर्ने हुन्छ भने ती सवारीसाधनका श्रमिक तथा सवारीसाधनहरु पनि असुरक्षित हुने अवस्था आउने निश्चित छ ।

> *महानगरको निर्णयअनुसार यात्रु उपत्यकाका जुनसुकै स्थानको भए पनि टिकट काट्न बसपार्क पुग्नुपर्ने हुन्छ, सवारीसाधन चढ्न बसपार्क पुग्नुपर्ने हुन्छ, ओर्लिन बसपार्क नै पुग्नुपर्ने हुन्छ, यसले हजारौं सर्वसाधारण जनतालाई समस्यामा पार्नेछ । सार्वजनिक सवारीसाधन गरिब जनताका साधन हुन्, यो निर्णयले यात्रुलाई हैरानी हुनेछ भने समयको बर्बादी र आर्थिक भार पनि बढाउने छ ।*

### काउन्टर हटाउनु हुँदैन

बसपार्कबाहेक अन्यन्त्र टिकट काट्न नपाइने, कोटेश्वर, कलंकी, गौशाला, चावहिल, बल्खु, जोरपाटीलगायतका स्थानका बुकिङ काउन्टर बसपार्कभित्रै लैजानुपर्ने निर्णय अव्यावहारिक छ । यो निर्णयले हवाईजहाज चढ्न विमानस्थलमै गएर टिकट काट्नुपर्छ बाहिरको ट्राभलमा काट्न पाइँदैन भने जस्तै हुन्छ । यसको असर सबैभन्दा धेरै सर्वसाधारण यात्रुलाई पर्छ । विभिन्न प्रालिद्वारा चक्रपथ आसपास रहेका तीन सय टिकट काउन्टर र त्यहाँ काम गर्ने करिब एक हजार पाँच सय श्रमिकको रोजीरोटी खोसिन्छ । हटाउने होइन काउन्टर सञ्चालनलाई व्यवस्थित गर्नुपर्छ ।

कानुनअनुसार दर्ता भएका यातायात कम्पनीहरुले मात्रै काउन्टर सञ्चालन गर्ने, एक कम्पनी एक काउन्टर, एक काउन्टर एक टिकट नीति बनाउने, काउन्टरमा एउटै साइजको बोर्ड राख्ने, श्रमिकको पहिचान खुल्ने परिचयपत्र तथा पोसाक लगाएर मात्रै काउन्टरमा काम गराउन आवश्यक छ । त्यस्तै, यात्रुहरुले ठगिनु नपरोस् भनेर काउन्टरमा गन्तव्य स्थानको मात्रै नाम लेख्ने, यात्रुहरुले देख्ने गरी भाडा दररेटको सूची राख्ने, बस छुट्ने समय यात्रु आइपुग्नुपर्ने समय बोर्डमा लेख्ने, यात्रुलाई मेसेज गर्ने, अशक्त, असहाय, अपाङ्गता भएका, ज्येष्ठ नागरिक, बालबालिका र महिलामैत्री हुने गरी सञ्चालन गर्न सकिन्छ । यात्रुहरुको गुनासा तथा सुझावका लागि काउन्टरमा सुझाव पेटिका राख्ने, प्रशासनिक सहायताका लागि प्रहरीको टोल फ्री नम्बर काउन्टरमा राख्ने र जनसरोकारका विषयमा प्रशासन तथा सरोकारवालाहरुसहित सबैको सहभागितामा समस्याहरुको समाधान गर्ने गरी काउन्टरहरुलाई व्यवस्थित गर्न सकिन्छ ।

### वैकल्पिक बसपार्क निर्माण आवश्यक

नयाँ बसपार्क अपायक स्थानमा छ । यो बसपार्क कुनै पनि दृष्टिकोणबाट उपयुक्त स्थानमा छैन । काठमाडौं भित्रिने र बाहिरिने मुख्य नाका कोटेश्वर, कलंकी, बल्खु हो । बसपार्कहरु सहर प्रवेश नाका आसपास हुनुपर्दछ । सहर भित्रिने र बाहिरिने सवारीसाधनहरु सकेसम्म सहर पार गर्नु नपरोस् । तर, नयाँ बसपार्क मुख्य नाकाको ठीक विपरीत दिशामा अवस्थित छ । कलंकी नाकाबाट बसपार्क करिब आठ किलोमिटर दूरी, बल्खु नाकाबाट करिब १० किलोमिटर दूरी र कोटेश्वर नाकाबाट करिब १४ किलोमिटर दूरीमा रहेको छ । महानगरपालिकाले नयाँ बसपार्कको विकल्प तयार गर्दै जानुपर्दछ । पश्चिमबाट काठमाडौं प्रवेश गर्ने सवारीसाधनका लागि नागढुङ्गा नाका आसपासमा बसपार्क व्यवस्था गर्नुपर्दछ, पूर्वबाट काठमाडौं प्रवेश गर्ने सवारीसाधनहरुका लागि कोटेश्वरदेखि सल्लाघारी आसपासमा बसपार्क व्यवस्था गर्नुपर्छ । त्यस्तै, दक्षिणकाली नाकाबाट काठमाडौं प्रवेश गर्ने सवारीसाधनका लागि बल्खुदेखि चौभार आसपासमा बसपार्कको व्यवस्था गर्नु पर्दछ । साँखु, नाङ्लेभारे नाका लागि जोरपाटी आसपास बसपार्क बनाइनु पर्दछ । हाल रहेको नयाँ बसपार्कलाई नुवाकोट, रसुवा नाका तथा सिटी बसपार्कको रूपमा व्यवस्थित गर्न सकिन्छ ।

